# पूर्वानुमानित कर भनेको के हो ?

पूर्वानुमानित कर भनेको वार्षिक रुपमा तिर्नु पर्ने कर रकम बारे आयकर ऐनको अनुसूची १ (करको दर सम्बन्धी) अनुसार तोकिएको अवस्थामा तोकिएको एकमुष्ट रकम तिरे पुग्ने कर हो ।
यसमा निम्नानुसारका करहरु पर्दछन् ।

रु.३ लाख सम्म आय हुने वा रु.३० लाखसम्म कारोवार हुने, नेपालमा श्रोत भएको व्यवसायबाट मात्र आय प्राप्त हुने, औषधि उपचार खर्च वापत तथा अग्रिम कर कट्टी वापत कर मिलान गर्न दावी नगर्ने र यो व्यवस्था छनौट गर्ने बासिन्दा प्राकृतिक व्यक्तिले देहाय बमोजिम का दरले तिर्नुपर्ने कर ।

| | |
|---|---|
| म.न.पा. /उप म.न.पा. क्षेत्रका प्राकृतिक व्यक्तिले वार्षिक | रु.७,५००।– |
| नगरपालिका क्षेत्रका प्राकृतिक व्यक्तिले वार्षिक | रु. ४,०००।– |
| अन्य क्षेत्रका प्राकृतिक व्यक्तिले वार्षिक | रु.२,५००।– |

नोटः आ.व. २०७७।०७८ को हकमा आर्थिक विधेयक (प्रतिस्थापन),, २०७८ ले दिएको सुविधा बमोजिम लाग्ने करमा ९०% छुट दिइएको छ ।

TSO SANDHIIKHARKA